## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३९/२०८०/०८१
## मितिः २०८०।०९।२३ गते बसेको बैठक

निर्णय नं.(१)

**प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा :-** का सम्बन्धमा छलफल गर्दा कार्यपालिका बैठकको गणपरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रक्रिया अघि बढाई अघिल्लो बैठकका निर्णयहरुको छलफल तथा विश्लेषण गरियो ।

निर्णय नं.(२)

**प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा :-** का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँसभा १५ औं अधिवेशन यहि मिति २०८० साल पुष २८ गते शनिबार बिहान १०.०० बजे गाउँपालिकाको भवनमा गर्ने सर्वसम्मतबाट निर्णय पारित गरियो।

निर्णय नं.(३)

**प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा :-** संघीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हने संमपूरक तथा संघीय विशेष अनुदान प्राप्त गर्नका लागि यस गाउँपालिका अन्तर्गत संचालन हुने तपसिल बमोजिमका योजनाहरुलाई प्राथमिकीकरणका आधारमा छनौट गरी सिफारिस गर्ने निर्णय सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल

संघीय समपूरक अनुदान तर्फ

१. कानेपोखरी वडा नं.१-७ सम्मको ड्रेन सहितको सडक स्तरोन्नती क्रमागत
   १. जिल्ला सडक देखि सेते चोक सम्म सडक स्तरोन्नति कानेपोखरी-१,
   २. लिम्बुटोल दोगडिया थानटोली सडक स्तरोन्नति कानेपोखरी-२,
   ३. मिलनचोक देखि हरकपुर सडक स्तरोन्नति कानेपोखरी-३,
   ४. पिङ्गडाँडा नारायण चोक देखी मिलन चोक सम्म सडक स्तरोन्नति कानेपोखरी-४,
   ५. भौंसाबारी बयरवन सडक स्तरोन्नति कानेपोखरी-५,
   ६. मंगलबारे हाटखोला उत्तर किसान टोल सडक स्तरोन्नति कानेपोखरी-६,
   ७. त्रिवेणी चोक दक्षिण प्रगति टोल सडक स्तरोन्नति कानेपोखरी-७,
   ८. शुक्रबारे कल्भर्ट पूर्व सडक स्तरोन्नति कानेपोखरी-६ र ७।

२. कानेपोखरी गाउँपालिका अन्तर्गत रहेको वडा नं १-७ सम्म सडक कालोपत्रे,
   १. वडा कार्यालयबाट राधाकृष्ण मन्दिर सम्मको सडक
   २. मिलन चोक देखि हरकपुर सम्म सडक
   ३. धम्कुवा उत्तर रिमाल टोल सडक

४.ट्रान्समिटर चोक ठूलोगाउँ भौंसाबारी सुन्दरवस्ती सडक, वडा नं.५
५.नर्सरी गुरुङ्ग डाँडा शिवालय मूलगाउँ सडक, वडा नं.६
६.त्रिवेणी चोक दक्षिण प्रगति टोल सडक, वडा नं.७

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान तर्फ)

१. शिक्षा विकास माध्यमिक विद्यालय भवन पूर्वाधार निर्माण (क्रमागत),
२. खानेपानी विस्तार आयोजना वडा नं. १ र ३ ।

शैक्षिक सुधार कार्यक्रम

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट सूचना प्रकाशन भए पश्चात छलफल गरी निर्णयमा पुग्ने सर्वसम्मतीबाट पारित गरियो।

निर्णय नं.(४)

**प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा :-** कानेपोखरी गाउँपालिकाले तराई-मधेश समृद्धि कार्यक्रम आयोजना सन्चालन गर्न स्थानीय तहबाट तराई मधेस समृद्धि कार्यक्रम सन्चालन निर्देशिका,२०८० बमोजिम आगामी आ.व. २०८१/०८२ को लागि निर्देशिकाको दफा ५ को उपदफा (१) (२) (३) (४) मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी तपसिल बमोजिमको आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय पारित गरियो।

तपसिल

१. जनता आवास निर्माण (निरन्तरता), कानेपोखरी-२, प्रधानटोल
२. छकमक टोल देखि वोहोरा टोल सम्म सडक स्तरोन्नती कानेपोखरी वडा नं. २ र ५,
३. पिराबाँध देखि त्रिवेणी चोक हुँदै नारायण चोक सम्म सिंचाई योजना कानेपोखरी-४,
४. धाद्रा सिंचाई योजना तथा नदी नियन्त्रण बाँधेझोडा कानेपोखरी -२,
५. विहिबारे बजारमा ड्रेन निर्माण, कानेपोखरी-६,
६. त्रिवेणी चोक देखि नारायण चोकसम्म कडिया पैनी सिंचाई योजना कानेपोखरी-४,
७. चालिस विघे - घलेटोल - बुद्धचोक ड्रेन निर्माण कानेपोखरी वडा नं. ५,६ र ७,
८. ओम शान्ति चोक डाँस खोला सडक स्तरोन्नति, कानेपोखरी - ३
९. भौंसाबारी चोकदेखि त्रिवेणी हुँदै गैरी गाउँसम्म सडक स्तरोन्नति -४
१०. लक्ष्मी चोक देखि साविक होक्लावारी -९ सम्म सडक स्तरोन्नती, कानेपोखरी १
११.ड्रेन सहित तिसविघे पैनी सिंचाई खानेपानी योजना कानेपोखरी-७,
१२.सुकुना पैनी डिल्ली सिटौला घर दक्षिण कल्भर्ट सम्म नाला निर्माण, कानेपोखरी-६,
१३. राजबाँध निर्माण, कानेपोखरी-३।

CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३९/२०८०/०८१
मितिः २०८०।०९।२३ गते बसेको बैठक

निर्णय नं.(५)

**प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा :-** कानेपोखरी गाउँपालिका अन्तर्गत वडाहरुमा कालोपत्रे सडक तथा ड्रेन निर्माणका लागि आ.व.२०८०।०८१, व.हु.शी.न.म.११.४.२२.१२१५७ ड्रेन सहितको सडक स्तरोन्नति शीर्षकबाट विनियोजित रकम रु.१ करोड (रु.१,००,००,०००।-), वडागत बजेट सिलिङबाट रु. १ करोड ५ लाख (रू.१,०५,००,०००।-) र गा.पा. स्तरीय बजेटबाट रु.१ करोड ९५ लाख (रु.१,९५,००,०००।-) गरी जम्मा कूल रकम रु.४करोड (रु.४,००,००,०००।-) को ठेक्का नं. KRM/NCB/08/CIVIL/2079/80 र KRM/NCB/09/CIVIL/2079/80 बाट बचत हुन आएको (Below Money) अनुमानित रु. १ करोड (१,००,००,०००।-) रकममा गा.पा.को आन्तरिक श्रोतबाट रु.३ करोड २५ लाख (रु.३,२५,००,०००।-) थप गरी कूल ४ करोड २५ लाख रकम हिउँदे गाउँसभाबाट अनुमोदन गर्ने गरी उल्लेखित सडकहरुमा कालोपत्रे तथा ड्रेन निर्माण प्रकिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्न सर्वसम्मतबाट निर्णय पारित गरियो।

१. वडा नं.२,४,५,६ र ७ मा सडक कालोपत्रे,
तपसिल बमोजिमका वडाहरुमा कालोपत्रे सडक

- बाँधेझोडा बोहोराटोल सडक कालोपत्रे - वडा नं. २,
- बयरवन पिपलचौकबाट पश्चिम हुँदै सुन्दर बस्ती जोड्ने बाटो पिच कालोपत्रे - वडा नं.४,
- क्याम्पस डाँडाँ भैसावारी सडक कालोपत्रे -वडा नं. ५,
- अधुरो सडक कामतटोल उत्तर किसानटोल हुँदै वडा नं ६ र ७ को सीमाना जोड्ने सडक - वडा नं ६,
- त्रिवेणी चोक दक्षिण प्रगतिटोल सडक कालोपत्रे कानेपोखरी -वडा नं. ७।

२. ड्रेन निर्माणः तपसिल बमोजिमका वडामा ड्रेन निर्माण गरिने।

- वडा नं.१ मा जिल्ला सडकदेखी सेते चोकसम्म ड्रेन निर्माण Continue chainage।
- वडा नं.३ मा सलबले चोक पूर्व देखि चन्द्र राई को घरसम्म सडक ड्रेन निर्माण।

निर्णय नं.(६)

**प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा :-** कानेपोखरी गाउँपालिकाको शिक्षा ऐन, २०८० को दफा २४ को उपदफा (१) अनुसार तपसिल बमोजिमको शिक्षा समिति गठन गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो।

तपसिल

(क) गाउँपालिकाका अध्यक्ष -संयोजक
(ख) गाउँपालिकाका उपाध्यक्ष -सदस्य

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/३९/२०८०/०८१
## मितिः २०८०।०९।२३ गते बसेको बैठक

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक -सदस्य

(ङ) गाउँसभाका सदस्यहरुमध्येबाट दलित वा अल्पसङ्ख्यक वा अपाङ्गता भएका व्यक्ति समेतको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको कम्तीमा एकजना महिला सहित चारजना सदस्य -सदस्य

१. श्री रत्नबहादुर कार्की, वडा नं.१ वडा अध्यक्ष

२. श्री चरण गुरुङ, वडा नं.५ वडा अध्यक्ष

३. श्री मोहनप्रसाद अधिकारी, वडा नं.७ वडा अध्यक्ष

४. श्री रुविना ताम्राकार, वडा नं.७ वडा सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी संयोजकले तोकेको एकजना प्रधानाध्यापक

१.श्री रुद्रप्रसाद निरौला -सदस्य

(छ) गाउँपालिका क्षेत्रभित्रका संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्थामध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी संयोजकले तोकेको प्रतिनिधि एकजना

१. दिपक चम्लागाँई -सदस्य

(ज) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक सङ्घका अध्यक्ष वा संयोजकहरुमध्येबाट संयोजकले तोकेको एकजना प्रतिनिधि

१. खेमनाथ पौडेल -सदस्य

(झ) स्थानीय समाजसेवी/शिक्षाप्रेमी/बुद्विजीविहरुमध्येबाट कम्तीमा एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी शिक्षा समितिले तोकेको तीनजना प्रतिनिधि -सदस्य

१.सूर्यबहादुर धिमाल बुद्धिजीवि समाजसेवी

२.टंकेश्वरी याख्खा समाजसेवी महिला

३.शिव प्रसाद दुलाल समाजसेवी

(ञ) शिक्षा अधिकृत -सदस्य सचिव

**निर्णय नं.(७)**

**प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा :-** Construction of Ward Health Unit Building, Kanepokhari Rural Municipality-2, Morang (EGP/NCB/KRM/29/076/077) कार्यको लागि ठेक्का सम्झौता भई कायदिश बमोजिम मिति २०७९।०३।१७ मा कार्य सम्पन्न गरी अन्तिम बील भुक्तानी भईसकेकोमा मिति २०७९।०३।२० सम्म DLP(Defect liability Period) समेत समाप्त भईसकेको मिति २०८०।०७।२२ मा Retention Amount फिर्ता माग भएकोमा आर्थिक प्रशासन शाखाको राय अनुसार धरौटी कट्टी गरेको रकम भूलवश पालिकाको संचितकोषमा नै रहेकोले कानेपोखरी

गाउँपालिकाको आन्तरिक राजस्व खातावाट उक्त धरौटी रकम फिर्ता दिने सर्वसम्मतबाट निर्णय पारित गरियो।

निर्णय नं.(८)

प्रस्ताव नं. ८ का विविध शीर्षक सम्बन्धमा छलफल गर्दा :-

१. कानेपोखरी गाउँपालिका अन्तर्गत रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र ४ वटा र स्वास्थ्य संस्था २ वटामा गरी जम्मा ६ वटा स्वास्थ्य संस्थामा कार्यालय सहयोगी पद खाली रहेको हुँदा उक्त पदमा नेपाल सरकारको प्रचलित नियमाअनुसार सेवा सुविधा दिने गरी विज्ञापन लगायत पदपूर्तीको सम्पूर्ण कार्य गर्ने गराउने व्यवस्था मिलाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत परित गरियो ।

२. कानेपोखरी गाउँपालिकाले सन्चालन गरिरहेको ५ शैयाको कानेपोखरी आधारभूत अस्पताल कानेपोखरी अस्पताल सन्चालन तथा व्यवस्थापन नियमावली, २०७८ (पहिलो संसोधन) बमोजिम सन्चालन हुँदै आएको हुँदा उक्त अस्पताल नियमावलीको नियम १२ को उपनियम ३ मा उक्त अस्पतालको लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखावाट आ.व. २०७८/०७९ र २०७९/०८० को अन्तिम लेखापरीक्षण सम्पन्न भईसकेको हुनाले कार्यपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने प्रावधान बमोजिम आधारभूत अस्पतालको लेखापरीक्षक नियुक्तका लागि नियमावली बमोजिम नियुक्त गर्न गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिन सर्वसम्मत निर्णय गरियो ।

३. कानेपोखरी-५ का अति विपन्न झवर यादवको शौचालय तथा खानेपानी ट्युववेल गडानको लागि वडा नं.५ को विनियोजित बजेटको विपन्न परिवारलाई शौचालय निर्माण शीर्षकवाट रु.३०,००० (तीस हजार रुपैंया मात्र) दिने।

४. कानेपोखरी-४ का असिलाल चौधरीको अवस्था नाजुक रहेकाले नाति अभिनाष चौधरीको उपचार गर्न नसकेकाले आर्थिक सहयोग वापत नागरिक उपचार सहायता कोषबाट रु.१५,००० दिने।

५. कानेपोखरी-५ का रविन दाहाल घरबाट वेपत्ता भई हराई रहेकोमा खोजी गर्दा ताप्लेजुङ जङ्गलमा विरामी अवस्थामा फेला परेकाले एम्बुलेन्समा ल्याई उपचार गर्न घरको आर्थिक अवस्था एकदमै नाजुक भएकाले आर्थिक सहयोग वापत रु. ३०,०००।– दिने।

६. कानेपोखरी-३ को रघु टुडुको निवेदन अनुसार तल्लो हरकपुर लुगु मन्जही थानको ढोका नभएकाले ढोकाको लागि रु.२०,०००। मठ/मन्दिर विनियोजित वजेट शीर्षकबाट दिने ।

७. कानेपोखरी-३ कोलटोल निवासी सकल मर्डीको निवेदन अनुसार सकल मर्डीलाई मन्जही थानको ढोका नभएकाले ढोकाको लागि रु.२०,०००।– मठ/मन्दिर विनियोजित वजेट शीर्षकवाट दिने।